खैराली दूध पोख्रेलहरूको
वंश परिचय पुस्तिका
२०७०



लोकराज पोख्रेल
खैरा ७ प्यूठान
हाल: सोनपुर ५, देउखुरी दाङ्ग

त्वमेव माता च पिता त्वमेव,
त्वमेव बन्धूश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविर्ण त्वमेव,
त्वमेव सर्वं मम देवदेव ॥

कुल देवताप्रति समर्पित

लोकराज पोख्रेल
खैरा-७, प्यूठान
हाल: सोनपुर-५, देउखुरी दाङ्ग

विनम्र निवेदन

जन्म मृत्यु हाम्रो अधीनमा छैन । जन्मेपछि मर्नु अवश्य छ, यो प्रकृतिको शाश्वत नियम हो । त्यसैले मनुष्यचोला नाशवान् छ । आयु, कर्म, धन, शिक्षा, र मृत्यु मनुष्यको गर्भमानै लेखिएका हुन्छन् भनिन्छ । त्यसैले भोग्नुपर्ने सुख दु:खलाई भाग्यको फल भन्ने गरिन्छ । सनातन धर्म-संस्कारले पुनर्जन्म र कर्मफलमा विश्वास राख्ने भएकोले सत्कर्म र प्रेममा सदा क्रियाशील रहनु हो । कर्तव्य बोध नभएर समय बितेको पत्तै हुँदैन । बाल्यावस्था अज्ञानतामै रमाएर बित्यो । युवावस्थामा "घर भगवान्को फुलबारी हो, हामी त्यसका माली हौं" भन्दै सुन्दर घर परिवार बनाउन भनौं वा जीविकोपार्जनका लागि दौड्दा दौड्दै समय बितेको पत्तै भएन । समय बितेपछि उमेर अवस्थाले कमजोर शरीर भए के गर्न सकिन्छ र ? पछुताउनुसिवाय अरू केही छैन । तैपनि जीवनको उत्तरार्धमा अरु केही गर्न नसके पनि आफ्नै पुर्खाका बारेमा सानो जानकारी दिनसके मनमा आनन्द आउने अभिलाषामा "मनको शक्ति अभ्यास हो" भन्ने भावनाबाट प्रेरित भै लेखन कार्य सुरु गरेको छु । लेख्यकृत्यमा देखिएका सकारात्मक शब्दभाव, कुल र पितृहरूबाट प्राप्त आशीर्वाद र शिक्षा-दीक्षा दिने आदरणीय गुरुहरूको प्रेरणाबाट सृजित चेतनाका उपज हुन् । नराम्रा शब्दभाव वा त्रुटिहरू आफ्नै अज्ञानता र अबोधजन्य बालकृत्यका उपज हुन् । तसर्थ बालकृत्य ठानी सद्भावका साथ ग्रहण गरिदिनहुन विनम्र अनुरोध छ ।

हामी खैराली पोखेलहरूका पूर्खा पूर्व कास्की पोखराबाट बसाइँ सराइको क्रममा प्यूठानको झिमरुक नदीबाट सिंचित उर्वराभूमि भएको सुन्दर ठाउँ खैरामा आई बसोबास गरेका थिए । पोखराबाट खैरा आएका पुर्खा नरोत्तम एक सिर्जनशील, गुणी एवं समाजसेवी व्यक्ति थिए । त्यस समयमा विद्यालयहरू थिएनन् तैपनि अरूले गरेको, देखेको, सुनेको भरमा उनी आयुर्वेद विद्यामा निपुण थिए भन्ने कुरा उनले गरेका कार्यहरूबाट थाहा पाउन सकिन्छ ।

खैराली पोखेलहरूको इमान्दारी, मेहनती, लगनशील र मिलनसार जस्ता गुणहरू पुर्ख्यौली हुन् । शान्ति सद्भावका साथ मानव कल्याण, सामाजिक उत्थान एवं विकासमा आ-आफनो कर्मक्षेत्रबाट योगदान पुर्‍याउँदै आएका छन् । तथापि पुर्खा नरोत्तम पोखरामा कहाँबाट आए ?, उनका पिताको नाम के हो ?, उनी पोखराबाट खैरा कहिले आए ? भन्ने बारेमा कसैलाई खास जानकारी छैन । खैरामा आएको पनि यथेष्ट प्रमाणहरू छैनन् तापनि थरको विकासक्रमलाई हेर्दा कतिपय थर स्थान विशेषबाट पनि विकास भएका देखिएकाले पोखेलहरू पनि पोखराबाटै आएको हुन सक्ने अनुमान हो ।

वंशावली तैयार गर्दा मूल जरो पत्ता लगाउनु पर्छ । मुलजरोको बारेमा पर्याप्त ऐतिहासिक जानकारी छैन । यस विषयमा पर्याप्त खोजीनितीको प्रयास होस् र तथ्य कुरा प्रकाशमा ल्याउन मदद पुगोस् भन्ने ध्येयले विज्ञ दाजुभाइहरूको ध्यानाकर्षण गराउने हेतुले आदरणीय स्वर्गीय दाजु

पंडित शशिधर पोखेलज्यूले टिपाई छाडेको दाजु च्यवन प्रकाशबाट प्राप्त फाटेको कागजलाई मुख्य सामग्री बनाई दाजुहरू पं.गिरिराज, च्यवन प्रकाश (हाल दुवै स्वर्गीय) र भाइ फर्साराम पोखेलको सहयोगबाट खैराली पोखेल वंश परिचय पुस्तिका-२०५७ तैयार गरी सबै बन्धुबान्धव समक्ष प्रस्तुत गरेको थिएँ । पर्याप्त जानकारी विनानै छलफल र बहसको बिषय बनोस् भनी ल्याएको वंश परिचय पुस्तिका-२०५७ लाई परिमार्जन गर्दै लैजानु आवस्यकता र कर्तव्य ठानी जाने-बुझेसम्मका जानकारी प्रस्तुत गर्ने जमर्को गरेको छु ।

पहिलेको पुस्तिकामा पुरुषहरूको मात्र नाम उल्लेख भएकोले पुरुष प्रधान समाजको एकाङ्गीं चित्रण भएको महसुस भएको हुंदा २१ औं शताब्दीको समयमा नारी र पुरुष दुवै समाजका बराबर हिस्सेदार भएको र नारीविना समाजको गति अगाडि बढ्न नसक्ने यथार्थतालाई सबैले महसुस गरिसकेको आजको समयको सन्दर्भमा सहभागितामूलक आदर्श समाज निर्माणमा महिलाको उच्चतम भूमिका निर्वाह गर्न प्रेरणा र हौसला बढ्नेछ भन्ने अपेक्षाका साथ महिलाहरूको नाम समावेश गरेको छु । पूर्वजहरूको नाम थाहा पाउनु कठिन कार्य भएको र त्यसमा पनि महिलाहरूको नाम थाहा पाउनु झनै कठिन कार्य रहेछ । प्रयास गर्दागर्दै पनि बसाइँ सराइ जस्ता कारणबाट प्रत्यक्ष सम्पर्क हुन नसक्दा कतिको नाम छुट्न गएको हुन सक्छ भने कतिको सम्पर्क हुँदाहुँदै पनि जानकारी नहुँदा छुट्न गएको छ । कतिको बोलाउने र लेख्ने नाम फरकफरक भएकोले त्रुटि हुन सक्छ । धेरै जानकारी राख्ने बुढापाकाहरू नभएकाले पर्याप्त जानकारी लिन असमर्थ भएको महसुस भएको छ । यस पुस्तिकामा समावेश गरिएका महिलाहरू र नव सन्ततिहरूको नाम घरपरिवारका सदस्य तथा नजिकका नातागोतासंग भेट गरी प्राप्त भएका सूचनाहरूको आधारमा समावेश गरेको छु ।

पुस्तिकामा आर्यवंशि, भारद्वाज आङ्गिरस बार्हस्पत्य त्रिप्रवर भएका शुक्लयजुर्वेदी, कान्यकुब्जी ब्राहमण भारद्वाज गोत्रका प्यूठान खैरा निवासी दूध पोखेलहरूको बारेमा उल्लेख गरिएको छ ।
खैराली पोखेलहरूका बारेमा जानकारी दिंदा पुर्खाले पाएको वैद्य उपाधि, थर, गोत्र प्रवर, सगोत्री, कुलदेवता र कुलपूजाको बारेमा समेत केही जानकारी दिने प्रयास गरेको छु । वंशावली बनाउने जस्तो गुरुतर कार्यमा कलम चलाउनु मेरा लागि बालचपलताबाहेक अरू केही हुन सक्दैन भन्ने जान्दा जान्दै अज्ञानतामै कलम चलाउँदा वंशावली बनाउने कार्य पूरा गर्ने क्षमता राख्न नसके तापनि नव सन्ततिहरू एवं जिज्ञासु दाजुभाइहरूलाई केही हदसम्म जानकारी दिन सहयोग पूर्‍याउने आशा लिएको छु । यसमा आफनो अल्प ज्ञानले लेखिएका त्रुटिहरूमा क्षमा याचना गर्दै विज्ञजनबाट आलोचनामात्र हैन उचित सल्लाह सूझाव एवं टिप्पणी प्राप्त भएमा भविष्यमा परिमार्जन गरी परिष्कृत बनाउन मद्दत पुग्ने अपेक्षा राखेको छु । विगत र वर्तमानलाई केलाउँदै भविष्यको लागि इतिहास बनाउने कार्य भएकोले यो कहिल्यै पूर्ण हुँदैन । भविष्यमा सिर्जनशील भाई-बन्धुबाट मेहनत हुँदै गए माझिदै उज्यालिदै विकाश हुँदै जानेछ भन्ने आशा राखेको छु ।

आजको समयमा समाजको विकासको गति तिव्र छ । तिव्र गतिमा समयका अनेक चुनौतीहरूले मानव जीवन कठिनाइबाट गुज्रँदै सरल, सहज जीवनयापनको मार्ग खोज्न संघर्ष, परिश्रम र लगनको लागि मानसिक र सामाजिक ऊर्जा आवश्यक छ । सशक्त ऊर्जा प्राप्तिका लागि वंशज, बन्धुबान्धब बीचको एकता, सद्भाव र प्रेम प्रगाढ बनाउँदै लैजानु आवश्यक भएकोले केवल अध्यात्मवादी चिन्तनले मात्र हैन द्वन्द्वात्मक भौतिकवादी चिन्तनले समेत सुनौलो भविष्य निर्माणका लागि हाम्रा विचार र काम लाई माझ्दै, उजिल्याउँदै जानु पर्दछ । त्यसैले हाम्रो शक्ति एकताको धरातलमा गोलबन्द गर्दै लैजानु आवश्यक छ । तसर्थ विगतको सिंहावलोकन गर्दै वर्तमान सहज बनाउने र भविष्यलाई अझ सुन्दर बनाउने मार्गचित्र कोर्नु साझा कर्तव्य हो भन्ने कुरा कसैले बिर्सनु हुँदैन । "वसुधैव कुटुम्वकम्" भन्ने भावनाले हिन्दू धर्मदर्शनको महत्वा बढेको हो । त्यही उदात्त भावना र उदार दृष्टीवाट हाम्रा ज्ञान र विवेकलाई फराकिलो पार्दै भौतिक ज्ञानका साथै अध्यात्मिक ज्ञान, चिन्तन र सत्कर्म प्रतिको निष्ठालाई बिज्ञानको धरातलमा जीवन्त राख्नु आवस्यक छ । त्यसैबाट हाम्रो जीवनको संञ्जीवनी शक्ति, संस्कृतिको उत्कृष्टता बढछ र स्वधर्मको उदात्त भावनाले मानव धर्म मौलाउँछ । मानवीय नैतिक मूल्यको रक्षार्थ सदाचार र स्वधर्मको नित्य पालनागर्दै सत्कर्म प्रेमबाट जीवनको मार्ग खोज्नु पर्छ । तवमात्र विशिष्ट ज्ञान वा आत्म चिन्तनको आलोकमा चित्त विमल गर्दै राग द्वेषको निराकरण गरी प्रेम पूर्वक अनेकतामा एकता खोज्दै विभेदमुक्त, सवल, सक्षम आदर्श समाज निर्माणको आधारशिला मजवुद हुदै जानेछ भन्ने अपेक्षा राख्न सकिन्छ ।

यो लेखन कार्य मेरो एकल प्रयासले सम्भव थिएन, तसर्थ सूचन संकलन कार्यमा महत्वपूर्ण एवं अमूल्य सहयोग पुर्‍याउनु हुने आमा, बा, दाजु, भाइ भतिजाहरू, दिदी बहिनी, भाउजु बुहारी र आफन्तजन सबै धन्यवादका पात्र हुनुहुन्छ । उहाँहरू प्रति सदा कृतज्ञ छु ।

खैराको परिचय

नेपाल राज्यका १४ अञ्चलमध्ये राप्ती अञ्चलमा पर्ने, ७५ जिल्लाहरू मध्येको पहाडी जिल्ला प्यूठानका ४९ गा.वि.स.हरू मध्ये खैरा एउटा गाउँ विकास समिति हो । यो प्यूठानको प्रसिध्द तीर्थस्थल स्वर्गव्दारीदेखि पूर्व झिमरूक नदीको पूर्वि किनारामा अवस्थित छ । खैरा गा.वि.स.को पूर्वमा खलंगा र धरमपानी, पश्चिममा दाखाक्वाडी, उत्तरमा दाखाक्वाडी र खलंगा तथा दक्षिणमा रम्दी र रसपुरकोट गा.वि.स.हरू पर्दछन् । खैराको पूर्वि सिमानामा प्रसिध्द झाँक्रिस्थान मन्दिर, खैराकोटमा भूमेथान र खडग् देवताको मन्दिर, खैरा-७ मा गोरखनाथ मन्दिर, खैरा-६ मा शिवालय, खैरा-४ धुदीमा कालिकास्थान जस्ता देवदेवीहरूको मन्दिरहरू रहेका छन । खैराको वेसी झिमरुक नदीबाट सिंचित उर्वरा, समथर भुभागलाई अन्न उत्पादनका हिसाबले खैराफाँट, धाइरेबगरको फाँट, धुदीको फाँट अत्यन्त उब्जाउ भएकोले पेटारे भकारीका रूपमा लिन सकिन्छ । खैरा-६ बाट जल विद्युत् उत्पादनको लागि झिमरुक नदीको पानी सुरुङ्मार्गबाट माडी नदीमा

खसाली १२ मेघावाटको जल विद्युत् योजना सञ्चालन गरिएको छ । यस गा.वि.स.मा प्राथमिक विद्यालय ४ वोटा, उच्च माध्यामिक विद्यालय १ वोटा, स्वास्थ्य चौकी, हुलाक तथा गैर सरकारी संस्था जस्ता जनजीवनमा सरोकार राख्ने संस्थाहरूको सेवाले ग्रामीण जीवनस्तरको विकासमा महत्वपूर्ण सहयोग पुर्‍याएका छन् । यहाँ सवै जातजाति र धर्मका मानिसहरू सामाजिक सद्भावका साथ बस्दै आएका छन् ।

आर्य र कान्यकुब्ज ब्राम्ह्णका सम्बन्धमा

आर्यहरू इरानबाट पाटलीपुत्रको कान्यकुब्ज भन्ने ठाउँमा आएका थिए भन्ने भनाइ छ । मुगल सम्राट् शाहजहाँले आगराबाट राजधानी दिल्ली सारेपछि सन् १६४८ तिर यमुना नदीको किनारामा दशवर्ष लगाएर लालकिल्ला बनाएका थिए । उनैका छोरा औरंगजेबले बाबुलाई सत्ताच्युत गरी राज्य गरेका थिए । तिनै औरंगजेब राजाको आक्रमणबाट धर्म-रक्षार्थ आर्यहरू हिमवत्खण्ड उत्तरतर्फ आएका थिए भन्ने भनाइ पाइन्छ, तापनि पं.शिखरनाथ सुवेदीको थर गोत्र प्रवरावलीमा उल्लेख भए अनुसार कान्यकुब्जको अर्थ अन्तरवेदी ब्राम्ह्ण हो । गंगा र यमुनाको बीचको भागलाई अन्तरवेदी भनेझैं पूर्व मेची र पश्चिम महाकाली बीचको भागलाई अन्तरवेदी मान्न सकिन्छ । “सर्वव्दिजा: कान्यकुब्ज, उत्कलं माथुरं विना:” (शिखरनाथ थरगोत्र प्रवरावलि) भन्ने श्लोकबाट मथुरा र उडिसा बाहेक सबै ब्राम्ह्ण कान्यकुब्ज हुन् । तसर्थ कानपुर वा अन्य कतैबाट आएको नभई सेती र कालीको अन्तरवेदी बाट आएका नेपाली ब्राम्हण हुन् । भागवत पुराण पंचमस्कन्धदिबाट पनि ब्रम्ह्ले सृष्टि गरेको उत्तराखण्ड नेपालादि हिमालय पर्वतमा ऋषिहरूले तपस्या गरेका थिए । तिनै ऋषिका सन्तान हामी ब्राम्ह्णहरू हौं भनिएको छ । (शिखरनाथ थरगोत्र प्रवरावलि)

तर ई.सं.को शुरूमा भारतीय उपमहाव्दीपको उत्तरी भेगमा रहेको बज्जी संघ राज्य मगध सम्राट् अज्ञातशत्रुबाट हारेपछी विघटित भई त्यस अन्तगतका लिच्छवी गणराज्य छिन्न भिन्न भई एउटा हाँगो नेपाल पसेको थियो । तिनीहरू आर्य थिए भनिन्छ । भारतमा आर्य समाजका संस्थापकका रूपमा स्वामी दयानन्द सरस्वतीलाई मानिन्छ ।

आसमुद्रान्तु वै पूर्वादासमुद्रान्तु पश्चिमात् ।
तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधा : ॥

(मनुस्मृति अध्याय २, श्लो.२२)

उपर्युक्त श्लोक अनुसार पूर्व समुद्र तथा पश्चिम समुद्र र तिनै दुई पर्वतहरू (हिमाचल र मध्याचल) को मध्यस्थित देशलाई बिव्दान्हरू आर्यवर्त भन्दछन् ।

गर्गगोत्री आचार्य वंशावली २०६१ (पृ.१५,१६,१७,१८) अनुसार चर्चा गर्दा इं.सं.आठौं शताब्दीको पूर्वाधपूर्व मुसलमानको आक्रमणबाट हिन्द□राज्य सिन्धु तथा मुलतान हराइएका थिए । हिन्दूहरूको जनै खोसी ७४ गाँढा जम्मा गरी जलाई दिएकाले स्वधर्म रक्षार्थ पहाडी भेग हुँदै हिमाली भेग सम्म पुगेको भनाइ पाइन्छ । कान्यकुब्ज ब्राहमण कन्नौजबाट आएका हुन् । कान्यकुब्जको अर्थ

कन्नौज हो । यो भारतको उत्तर प्रदेशस्थित फरुखाबादमा पर्दछ । कान्यकुब्जका बारेमा किंवदन्ती छ कि महिर्षि बाल्मीकिका अनुसार राजा कुशका पुत्र कुशनामका कन्याहरूले वायुदेव सित विवाह गर्न नमान्दा वायुदेवले श्राप दिएका कारण कुजा हुन पुगे । तिनै कुजा कन्याको नामबाट नगरको नाम कान्यकुब्ज राखेका थिए । वायु पुराणमा यसको नाम कन्यापुर उल्लेख भएको पाइन्छ । जन्मका आधारले सबै शुद्र हुन्छन् । संस्कारले ब्राम्हण हुन्छन भनिन्छ । ब्राम्हणलाई पंचद्रविड र पंचगौडका आधारमा १० प्रकारले बिभाजन गरिएको छ । पंच द्रविड सिन्धु पर्वतका दक्षिणभागमा बस्ने महाराष्ट्र, तैलङग, गुर्जर र द्रविड पंचगौडमा विन्ध्याचलको उत्तरतर्फ सारस्वता, कान्यकुब्ज, गौड, मैथल, औत्कल (उत्कल) । सरस्वती नदीको किनारबाट नेपाल पसेको विव्दान्हरूको मत छ ।

नेपालमा पुर्विया, कुमाई, मैथल, राजोपाध्याय, तेहेयति आदि ब्राम्हणहरू पाइन्छन् । प्राचीन कालमा कान्यकुब्ज ब्राम्हणहरूको निकै नाम चलेको थियो । पाटलीपुत्रको गौरवपूर्ण स्थान थियो । कान्यकुब्जको माउथलो कान्नौज हो भन्ने एकथरी छन् भने अन्तरवेदिको आधारमा कन्नौज नै मूल थलो भन्न सकिन्न । (गर्गगोत्री आचार्य वंशावली, २०६१), त्यस्तै वर्ण धर्मको रचना सम्बन्धमा स्वयं भगवान्ले भन्नु भएको छ

चातुर्बण्यं मया सृष्टं गुणकर्म बिभागशः

गुण र कर्मको बिभागव्दारा चार वर्ण ब्राम्हण, क्षत्रिय, वैश्य, र शूद्र मव्दारा नै सृष्टि गरिएका हुन् । (गीता ४/१३, खप्तडस्वामीव्दारा प्रणीत धर्म बिज्ञान प्रथम खण्ड पेज २६१)

ब्राहमणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
उरू तदस्य यद्वैस्यः पंद्भ्यां शूद्रो अजायत ॥
(*ऋग्वेद १०/९०/१३,* खप्तडस्वामीव्दारा प्रणीत, धर्म बिज्ञान प्रथम खण्ड पेज २६२)

ऋगबेद अनुसार भगवान्को मुखबाट ब्राहमण, बाहुबाट क्षत्री, तिघ्राबाट वैश्य र चरणबाट शूद्र उत्पत्ति भएको भनाइबाट शरीरलाई मुख,हात, तिघ्रा, र खुट्टाको महत्व भएफैं सुव्यवस्थित सभ्य समाज निर्माण गर्न वर्णाश्रम व्यवस्था गरिएको हुँदा यसमा कोही ठुलो सानो नभई सबैको महत्वपुर्ण स्थान र महत्व रहेको स्पष्ट हुन्छ ।

लोकानां तु निवृद्ध्यर्थं मुखबाहूरुपादतः ।
ब्राम्ह्मणं क्षत्रियं वैश्यं शूद्रं च तिरवर्तयत् ॥

(मनुस्मृति अध्याय १, श्लो.३१)

(लोकको बृध्दिका लागि भगवान्को मुखबाट ब्राम्हण, भुजाबाट क्षत्रिय, जाँघबाट वैश्य, र चरणबाट शूद्र को सृष्टि भएको थियो ।)

मनुस्मृतिमा लोकको वृध्दिका लागि चार जातको उत्पत्ति गराइएको भन्ने पाइन्छ । सनातन धर्म र सस्कारले वर्णाश्रम व्यवस्थालाई प्रश्रय दिएता पनि जातीय विभेद र ब्यक्तिवादि समाजलाई महत्व दिएको पाईंदैन । सद्भाव, सहिष्णु र वर्ग समन्वयको चेतनाबाट समुन्नत समाज निर्माण गर्न व्यावसायिक विशिष्टीकरणको सिध्दान्तमा आधारित रहेको देखिन्छ । सृष्टिको आदि काल देखिनै अर्थात मानव सृष्टि संग भोकको जन्म भयो, भोकले कर्म जन्मायो, कर्म बाट जातको उत्पत्ति भयो । प्राचिन कालमा जातीय बिभाजन पेशा र कामको आधारमा गरिएको थियो भनेपछि नेपालमा जयस्थिति मल्लले चार जात अठार वर्णमा विभाजन गरेको पाइन्छ । त्यसपछि पृथ्वी नारायण शाहले नेपाललाई ४ जात ३६ बर्णको फूलबारी भनेर नेपाली राष्ट्रिय एकतालाई सुदृढ गराउने काम गरेका थिए । बर्तमान बिज्ञान र प्रविधिको युगमा अनेक जात जाती, भाषाभाषी र समुदाय वीचको विभेद भुक्तगरी समन्वय, सदभावका साथ समृध्द र सवल साष्ट्र निर्माण गर्ने कार्यमा साझा सहभागिता अपरिहार्य छ ।

थरको विकास सम्बन्धमा

थरको विकास क्रमलाई हेर्दा स्थान विशेष र कर्म विशेष बाट भएको जस्तो देखिन्छ । जुन ठाउँमा बस्यो त्यही ठाउँको नाउँबाट, जुन कर्म गरयो त्यही कामको आधारमा थर भएको पाइन्छ । कर्मबाट अधिकारी, भण्डारी आदि र ठाउँबाट बेलबासे, पौडेल, न्यौपाने, पोखेल आदि । कुनै जात वा वर्गका ब्यक्तिलाई छुट्टाछुट्टै अस्तित्व र सामर्थ्यका साथ पहिचान गराउन थर उल्लेख गरी नामको पछाडि लेख्ने चलन पहिले देखिनै चल्दै आएको पाइन्छ । मूल कुल परम्पराबाट हुदै आएको उपनाम अर्थात वंशानुगत उपपद नै थर हो ।

बिद्वान योगी नरहरीनाथले उदयपुरा राज्यको इतिहास तथा अधिकारी वंशावलीमा शुभ-कामना मन्तब्य ब्यक्त गर्दा (ॐ गौ: श्री: शिवौ वेदा:" शीर्षक राखि लेखेको लेखमा) थर भनेको थल हो जात होइन भनि उल्लेख गर्नु भएको छ । आफनो लेखमा थल बाट थर भएको हो जात होइन भनि उल्लेख गरेको पाइन्छ । उक्त भनाईबाट थलबाट थर भएको हो भन्ने बुझिन्छ । धेरै जातिको एउटै थर पाइने भएकाले पनि थलबाट थरको विकास भएको हुनसक्ने देखिन्छ ।

पं.शिखरनाथ सुवेदीको थर गोत्र प्रवरावलीमा ४०० थरको उल्लेख गरिएको छ । ४०० थरको निर्माण ४/५ सय वर्ष पहिले नै भएको अनुमान गर्न सकिन्छ । जातजातिको विभाजन धर्म संस्कृति र व्यवसायको विकासको गतिले बसाइँ सराइको क्रममा नया ठाउँ खोज्दै जाँदा ठाउँ अनुसार नयाँ राम्रो पानी भेटिएको ठाउँमा बसी न्यौपाने, गढवालको पौडी भन्ने ठाउँमा बसेको र पौडी खेल्न सिपालु भएकोले पौडेल भनेझै तत् तत् स्थान विशेषमा बसेकाले थर भयो भनी पं.शिखरनाथ सुवेदीले थर गोत्र प्रवरावलीमा उल्लेख गरेझैं सुन्दर ठाउँ खोज्दै जाँदा पोखरामा आइ बसेकोले पोखेल थर भएको भनाइ भएता पनि तथ्यगत विकल्प प्रस्तुत नभएसम्म एउटा आधार मानिए तापनि जिज्ञासुहरूका लागि खोजिनितीको बिषय बनेको छ ।

पोखरेलहरू २ थरी छन् ।

१. दूध पोखेल (भारद्वाज गोत्री)

२. पानी पोखेल (आत्रेय गोत्री)

दुवै थरीका गोत्र, प्रवर अलग अलग छन् । कसरी दूध र पानी भए भन्ने बारेमा किम्वदन्ती छ कि, कालान्तरमा पोखरामा सेतो दूधजस्तो पानी भएको पोखरीतर्फ बस्ने दूध पोखेल र शुध्द पानीमात्र भएको पोखरीतर्फ बस्ने पानी पोखरेल भएको भन्ने भनाइ पाइन्छ । तापनि उक्त भनाइ तर्कपूर्ण मान्न सकिने आधार देखिदैन । यस्तै एकथरी मान्छेहरूको भनाइ यस्तो पनि छ । प्राचीन कालमा सबै दूध पोखरेलहरू थिए । गाउँमा विशेष पूजाआजा उत्सव पर्व मनाउँदा सबै भेला भई दूध जम्मा गर्ने चलन थियो । एउटा ख्यातिप्राप्त ऋषिकहाँ शुभ कार्य गर्दा दूध जम्मा गर्ने चलन अनुसार दूध जम्मा हुन थाल्यो । गाउँमा आपसी टकरावका कारण केही विमेल भई मन फाटेका हरूले दूधको सट्टा पानी ल्याई दूधकै भाँडोमा पोखिदिए, त्यो कार्यबाट रिसाई पानी ल्याउनेलाई त्यो समूह वा गाउँबाट निकाले पछि उनीहरू अर्को गाउँमा गए । अर्को गाउँमा उनीहरू पानी पोखरेल भनेर कहलिन थाले । यसरी दूध जम्मा गर्ने भाँडोमा दूध पोख्ने दूध पोखेल भए भने पानी जम्मा गर्ने पानी पोखरेल भए भन्ने भनाइ पनि पाइन्छ ।

यस्तै पोखेल र पोखरेलमा पनि विवाद छ । तर दुवैथरीले दुवै शब्दावली उल्लेख गर्ने गरेको पाइन्छ । एकरूपता देखिदैन । पोखराबाट पोखरेल भएको हो भने पोखेल नभई पोखरेल लेख्दा शुध्द हुने देखिन्छ । दुवैको भावमा अन्तर देखिदैन । लेख्दा छोटो र छिटोको लागि ख को सट्टा खुट्टा काट्ने गरेको जस्तो देखिन्छ, यो पनि बहसकै विषय छ ।

भारद्वाज गोत्रको प्रवर

भारद्वाज गोत्र, आङ्गिरस, बार्हस्पत्य ३ प्रवर हो । (भारद्वाज गोत्रस्य, भारद्वाजाङ्गिरस: बार्हस्पत्येति त्रिप्रवरस्य) दूध पोखेलहरूको गोत्र भारद्वाज हो । भारद्वाज गोत्री थरहरू : दूध पोखेल, सुवेदी, चौलागाइ, लोहनी, सिलवाल, सिजापती, पन्थी, पन्थ, बिष्ट, थामी अधिकारी, शिवाकोटी, देवकोटा, निरौला, बोहरा, वाग्ले, राउत, रावत, कँडेल, सुन्ताखाने भण्डारी, संग्रौला, बलायर, चिमोरिया, कुसाहा, पाँडे, लामा गुरुङ्ग, घले गुरुङ्ग, लटौला जोशी, खड्का, श्रीपाली बस्नेत, जमरकट्टेल, लौडारी, धामी ।

पानी पोखरेलहरूको गोत्र आत्रेय हो । आत्रेय गोत्रको प्रवर आत्रेय गोत्र: आत्रेयोऽर्चनानस: श्यावाश्वश्चेति त्रिपवर: । आत्रेय गोत्रि थरहरू : पानी पोखरेल, दुवाडी, दवाडी, दुलाल, पौडेल, कालीकोटे थापा, पुवार थापा, खुलाल थापा, बगाले थापा, कालीकोटे खड्का, अर्याल, सिग्देल । एउटै गोत्र भएकालाई सगोत्री भनिन्छ । सगोत्रीमा भरसक बिहेवारी गर्नुहुँदैन भन्ने मान्यता छ ।

गोत्र भन्नाले कुल, सन्तान भन्ने बुझाउँछ । गोत्र र प्रवरको बारेमा चर्चा गर्दा गोत्र भनेको गोष्ठ हो । व्यापक अर्थमा हेर्दा गो = भूमि, प्रकाश, ज्ञान पनि भनिन्छ । गोष्ठको संरक्षक अर्थात् गोष्ठका मुली नै गोत्र प्रवर्तक हुन् । तिनै प्रवर्तकको नामबाट गोत्र भएको र गोष्ठमा काम गर्ने व्यक्ति अर्थात् गोष्ठमा बस्ने अनादि पुरुषकै नाम बाट प्रवरको विकास भएको पाइन्छ । मूलीको गोठमा समूहगत रूपमा काम गर्नेहरूको प्रतिनिधि अर्थात् त्यो समूहको नाइकेको नामबाट प्रवर भएको पाइन्छ । गोष्ठ अर्थात गोत्र-प्रवर्तक ऋषिहरूकै नामबाट गोत्रको विकास भएको र तिनका सन्ततिको नामबाट हाँगो विस्तार भएकाले प्रवरको रूपमा विकास भएको भन्न सकिन्छ । समूहगत रूपमा आ-आफ्नो सन्तानको वृध्दि, आधिपत्य, अधिकारक्षेत्र, सामार्थ्यको विकास र कीर्तिको लागि आफ्नो नाम राख्न गोत्र र प्रवरको चलन ऋषिहरूलेनै स्थापित गरेका हुन् भन्न सकिन्छ । खास गरेर घरमा अर्थात् गोठमा सन्ततिहरूलाई शिक्षा दीक्षा प्रदान गर्न गुरुकुल स्थापना गर्ने ऋषिहरूको नामबाट गोत्र स्थापित भएको पाइन्छ ।

गर्गगोत्री आचार्य वंशावली २०६१ अनुसार वंश विस्तार २ प्रकारले हुन्छ । एउटा पितृ पुत्र परम्परा अर्थात् रजवीर्य उपज अर्को गुरु-शिष्य परम्परा जसलाई कुल परम्परा र गुरु वा ज्ञान परम्परा भनिन्छ । बिशिष्ट ऋपिहरूको सन्तानको नाताले गोत्र व्यवस्था भएको पाइन्छ । प्रवर भने मुख्य, पुज्य, जेष्ठ, श्रेष्ठ, पूर्वज, वंश परम्परा कुल परिवारको मूल भन्ने हो । प्र : अति, वर: श्रेष्ठ अर्थात् अति श्रेष्ठ ऋषिको नामबाट गोत्र प्रवर्तक ऋपिहरूकै नामबाट प्रवरको विकास भएको हो । धर्म सिन्धु अनुसार गोत्र र वंशलाई प्रवृत्त गर्ने, प्रवर्धन र विस्तार गर्ने, गोत्र र प्रवरलाई भिन्न भिन्न गर्ने ऋपिहरूलाई प्रवर प्रवर्तक भनिन्छ । गोत्र र प्रवर आर्य सस्कृतिको विशेषता हो । धार्मिक कार्य गर्दा गोत्र र प्रवर सोधिन्छ । गोत्र र प्रवर थाहा नहुनेलाई कश्यप गोत्री भन्ने चलन छ । यो चलन परापूर्व कालदेखि नै चल्दै आएको कर्मकाण्डी कार्यबाट थाहा हुन्छ । कश्यप, भारद्वाज , उपमन्यु, कपिल, कौशिक, अत्रि आदि अनेक ऋपिहरूलाई गोत्र र प्रवरका प्रवर्तककारूपमा आदि पुरुष मान्ने परम्परा छ । एउटा वंशको एउटै गोत्र हुन्छ तर प्रवर अनेक हुन्छन भनिन्छ । गोत्र र प्रवरको ४९ भेद बताइएको छ । जस अनुसार भृगु ७, अङ्गिरस १७, अत्रि ४, विश्वामित्र १०, कश्यप ३, वशिष्ठ ४, अगस्ति ४ र यिनका पनि उपभेद रहेको र विभिन्न ऋपिहरू मध्ये विश्वामित्र, जमदग्नि, भारद्वाज , गौतम, अत्रि, वशिष्ठ, कश्यप, प्रमुख गोत्र प्रवर्तक ऋषि मानिन्छन् । भृगु वंशका अङ्गिरा वंश प्रवर्तक मानिन्छन् । अङ्गिरसका पुत्र लोक र उनका पुत्र बृहस्पतिका पुत्र भारद्वाज हुन् । गोत्र प्रवर्तकका हिसाबले नाम चलेका अङ्गिरस, बृहस्पतिका सन्तान भारद्वाजमा पनि श्रेष्ठता पाइन्छ । उनी ऋपिहरूमा प्रभावशाली थिए । गोत्र प्रवर प्रवर्तकका रूपमा उनको ख्याति छ । *(गर्गगोत्री आचार्य वंशावली २०६१,पृ. ४,५,६)*

प्रत्येक मन्वन्तरमा सप्तऋर्षिहरू फरक फरक हुन्छन् । सप्तऋर्षिहरू नै गोत्र प्रवर्तक हुन् भनेर उल्लेख भएको पाइन्छ ।

एतान् भावानधीयाना ये चैत ऋषयो मता : ।
सप्तैते सप्तभिश्चैव गुणौ: सप्तर्षय : स्मृता: ॥

वीर्घायुषो मन्त्रकृत ईश्वरा दिव्यचक्षुष : ।
वृध्दा:प्रत्यक्ष धर्माणो गोत्रप्रवर्तकाश्च ये: ॥
(बायुपुराण ६१,९३,९४, गीता तत्व विवेचनी, पृ.३५६)
मरीचिरङ्गिराश्चात्रि: पुलस्त्य: पुलह: क्रतु: ।
वसिष्ठ इति सप्तैते मानसा निर्मिता हि ते ॥
एते वेदविदो मुख्या बेदाचार्याश्च च कल्पिता: ।
प्रवृति धर्मिणाश्चैव प्रजापत्ये च कल्पिता : ॥
(महा. शान्ति ३४०,६९,७०, गीता तत्व विवेचनी, पृ.३५७)

वर्तमान मन्वन्तरका सप्तॠर्षिहरू मध्येका भारद्वाज ॠर्षि पनि एक हुन् । यसै कल्पको सर्वप्रथम स्वायम्भुव मन्वन्तरका सप्तॠर्षिहरू मध्येका ॠर्षि अंङ्गिराकी पत्नी (मरीचि कन्या) सुरूपाबाट बृहस्पतिको र अग्नि कन्या आत्रेयीबाट अङ्गिरस नाम गरेका पुत्रहरूको जन्म भएको (ब्रम्हपुराण) कुनै कुनै ग्रन्थमा शुमा नामगरेकी पत्नीबाट बृहस्पतिको जन्म भएको उल्लेख भएको बताइएको छ । *(श्री भगवद्‌गीता तत्वविवेचनी, दशौं अध्याय पेज ३५६,३५७)*

मरीचि, अङ्गिरा, अत्रि, पुलस्य, पुलह, कतु, वशिष्ठ, लाई सप्तॠषिहरू अत्यन्त तेजस्वी बुध्दिमान् प्रजापति भएकोले सप्त ब्रम्हा भनिन्छ । यिनीहरूलाई मानस पुत्र अर्थात् ब्रम्हाका पुत्र भनेर भनिन्छ ।

अहं प्रजा: सिसृक्षुस्तु तपस्तप्त्वा सुदश्चरम् ।
पतीन्प्रजानामसृजं महर्षीनादितो दश ॥ ३४॥
मरीचिमत्रयङ्गिरसौ पुलस्त्यं पुलहं कतुम् ।
प्रचेतसं वशिष्ठं च भृगुं नारदमेव च ॥३५॥

(मनुस्मृर्ति,अध्याय १)

(प्रजा सृष्टिको इच्छाले घोर तपस्याद्वारा दश प्रजापति महिर्षि (मरीचि), अत्रि, अंङ्गिरा, पुलस्त्य, पुलह, ऋतु, प्रचेता, वशिष्ठ, भृगु र नारद उत्पन्न गरेको ब्रम्हाले भनेका छन् ।)

वर्तमान मन्वन्तरमा पुराणका अनुसार विश्वामित्र, जमदग्नि, भारद्धाज, गौतम, अत्रि, वशिष्ठ, र कश्यप लाई सप्तॠषि भनिन्छ । भारद्वाज ॠषि प्रकाण्ड बिद्वान शास्त्रका ज्ञाता हुनुहुन्थ्यो र उहाँले आफ्ना भान्जा आफनो बिद्वत्तामा अत्यन्त घमण्ड गर्ने बिद्वान् महर्षि याज्ञवल्क्यलाई शिक्षा-दीक्षा दिनु भएको थियो भन्ने बिद्वानहरूको भनाइ छ । हामी उहाँकै सन्तानहरू मानिन्छौ ।
बृहस्पति देवगुरु हुन् । उनी प्रसिध्द महर्षि र आकाशमा अमरभै चम्कने सप्तॠषि मध्येका चम्किला तारा मानिन्छन । तिनै ॠर्षि पुत्र भारद्वाज ॠर्षि अत्यन्त प्रभावशाली थिए । उनी सप्त सिन्धुका गुरु पुरोहितसमेत भएको पाइन्छ । उनको समयलाई इसापूर्व बाह्रसय मानेका छन् । उनका पुत्र मन्यु हुन् भनिएको छ ।

भारद्वाज बारेमा श्रीमद्‌भागवतमा एक रोचक प्रसंग आउँछ । सम्राट् भरतकी तीन रानीबाट सन्तान भएनन् । उनले सन्तान प्राप्तिका लागी मरुत्सोम यज्ञ आयोजना गरे । त्यस यज्ञबाट प्रभावित भएर मरुग्गणले उनलाई एक मेधावि बालक टक्र्याए, सो बालकको नाम भारद्वाज थियो ।

एक अर्को प्रसंगमा देवगुरु बृहस्पतिले आफ्नै भाइ उतथ्यकी गर्भिणी पत्नीसंग संसर्ग गर्न खोज्दा उनले प्रतिरोध गरिन् तर बृहस्पतिले जबर्जस्ती गरे । अनि गर्भको बालक कस्को हो भन्ने विषयमा भाइ बुहारीबिच विवाद हुँदा बृहस्पतिले आफ्नो औरस भाइ उतथ्यको क्षेत्रज भएका कारण भारद्वाज नाम राखेका थिए । (गर्गगोत्री आचार्य वंशावली २०६१, पृ.९)

कुल देवता

शास्त्र अनुसार सम्पुर्ण जगत् भगवान्‌बाट उत्पन्न भएको हो । उनको योगबलबाट सृष्टिचक्र चलेको छ । उनकै शासन शक्तिले सूर्य, चन्द्र, तारागण, पृथ्वी नियम पूर्बक घुम्दछन् । उनकै शाशनबाट सम्पूर्ण प्राणी आआफ्नो कर्म अनुसार राम्रो नराम्रो योनिमा जन्म लिई कर्मयोग गर्दछन् । भगवान्‌को शक्ति अदृश्य छ । अदृश्य शक्तिकै आडमा संसार चलेको छ । सृष्टि, सम्भार, र संहार गर्ने अदृश्य एवं अव्दैत शक्ति नै भगवान हो भन्ने गरिन्छ । भगवान सर्वज्ञ हुनुहुन्छ । “यः सर्वज्ञः सर्ववित्” (मुडण्कोपनिषत्, १।१।९, धर्म बिज्ञान, द्बितीय खण्ड, पृ.३१)

हिन्दू धर्म संस्कृति अति प्राचीन छ । यसका आफ्ना विशेषताहरू छन् । जन्म, मृत्यु प्रारब्धको कर्म अनुसार हुन्छ भन्ने हाम्रो सनातन वैदिक धर्म संस्कृतिको मान्यता छ ।

हिन्दू संस्कृति पुनर्जन्म र कर्मफल प्राप्तिमा विश्वास राख्दछ । सुख, दुख, लाभ, हानि, जीवन, मरण, दरिद्रता, सम्पन्नता आफ्नै कर्म अनुसार भोग्नु पर्ने विषय हुन । मनुष्य जन्म मरणको अवस्था हरेकको समान भए पनि धनी गरीब, असल खराब, सुख दुःख भोगाइका अनुभूतिहरू फरक छन् । निर्मल बुध्दिबाट कर्म प्रधान स्वधर्मको पालना गर्दै ”परोपकार पुण्याय पापाय पर पीडनम्” भन्ने मान्यतामा जीवनका कृयाकलाप संचालन गर्न सके परमानन्दको अनुभूति हुने र काम क्रोध, लोभ मोह, ईर्ष्या, दम्भ, राग व्देषबाट दुर्गुण विचार उत्पन्न भई विकृत मानसिकता पैदा हुन गई दुष्कर्मजन्य व्यवहार बाट दुःखकष्ट आइपर्ने हुँदा ब्रम्हज्ञानको व्दार खोल्न स्वधर्ममा रही सुखको रहस्य नैतिक मानविय मूल्यको नित्य पालना गरी असल समाज निर्माण गर्न हाम्रा धार्मिक ग्रन्थ वेद आदि शास्त्रले नियमादिको व्यवस्था गरेको छ । दुर्गुणजन्य निषिध्द कर्मबाट छुटकारा लिई जीवनलाई सर्वविध उत्कर्ष र साधन साफल्य वनाउन संपूर्ण मनोकामनाको पूर्ति, सिध्दि सफलाताको प्राप्ति र तत्व ज्ञानको उदय गराउन भक्तिपूर्वक प्रेमको सुधाधारामा समाहित गर्दै पुण्यार्थ वा सार्थक जीवन वनाउन अदृश्य ईश्वरीय शक्तिको आराधना गरिन्छ । तर देव भनेको वास्तममा आफै भित्रको ब्रम्ह वा ज्ञान हो । आफू भित्र रहेको ब्रम्हलाइ चिन्नु पर्दछ । ब्रम्हचेतको ज्योर्तीमय प्रकाशबाट असत्य र अन्धकारलाई चिर्दे सत्कर्म योगको साधनाले सद्‌भाव,

दया, प्रेम, क्षमा, त्याग जस्ता अपरिहार्य मानविय गुणको विकास हुन्छ । आदर्श गुण सनातन स्वधर्मको पालना गर्दा प्राप्त हुन्छ । भोग विलासको मार्गबाट त्याग र भक्तिको मार्गमा चित्तवृतिगर्दै युक्तिसंगत कर्मशील सुखी र सरल जीवन यापनका लागी प्रेरित गर्दछ । तसर्थ जीबनमा आइपर्ने अनेक झमेलाबाट छुटकारा पाउन समय निकालेर गृहस्थीहरूले स्वआनन्दका लागि ईश्वर भक्ति गर्ने र अदम्य साहस, प्रेरणा प्राप्तिका लागि श्रध्दापूर्वक ईश्वरीय शक्तिका रूपमा कुल देवता दूधे वराहलाई पूजा गर्ने चलन पुर्खादेखि नै चलिआएको पाइन्छ । वराह लाई विष्णु अवतार मानिन्छ । वराहाका १२ भाइमध्ये श्वेत (दूधे) वराहलाई कुल देवताको रूपमा मान्ने र झाँक्री देवता शिवको रूपमा भएकोले झाँक्रीको समेत पूजा गर्ने चलन छ ।

स्वर्गमा बस्ने अमर प्राणी वा पूज्य रूपमा रहेका शक्तिलाई देव वा देवता (देउता) भनिन्छ । मृत्युपछि प्राप्त हुने उत्तम गति, संगति, स्वर्गलाभ वा देवयोनि प्राप्तिको अभिलाषाले रक्षकका रूपमा रहेका मालिकको पूजा नै देव पूजा हो । आफ्नो वंश कुलको रक्षा गर्न मालिक आराध्यदेवको पूजा नै कुल पूजा हो ।

भनिन्छ राम्रो कर्मको आचरण नै धर्म हुन्छ । धर्म जीबनको प्राण मानिन्छ । धर्म धर्मात्माको अनुभूति हो । धर्मका ४ पाउ दया, सत्य, शान्ति र अहिंसा हुन् । धर्म अनुसारका ४ कर्महरू धर्म, अर्थ, काम, मोक्ष हुन् । मोक्षको प्रमुख साधन धर्म हो । मुक्ति मृत्यु हो ।

कुल पूजा गर्न दाजुभाइ भेला भै आपसी सदभाव, प्रेम र एकता बढाउन महत्वपूर्ण अवसर प्राप्त हुने भएकोले आधुनिक समाजमा यसको महत्व झनै बढ्दै गएको पाइन्छ ।

कुलपूजा

भारद्वाज गोत्री खैराली पोखरेलहरूका कुल देवता दूधे वराहा हुन् । त्यसैले १२ भाइका दूधे बराहा भन्ने चलन छ । मार्ग शुक्ल पूर्णिमाका दिन १ वर्ष बिराएर कुल पूजा गर्ने चलन चल्दै आएको छ । प्यूठानमा बस्ने दाजुभाइहरूले खैरामा जम्मा भई कुल पूजा गर्ने गर्दछन् । खैराबाट बसाइँ सरी दाङ्ग, देउखुरी गएकाहरूले छुट्टा छुट्टै कुल पूजा गर्दै आएकोमा देउखुरी र दाङ्गका लागी एकै ठाउँमा पूजा गर्न सहज होस् भन्ने हेतुले यातायातको सुविधा लाई समेत ध्यान दिई दाङ्गको गोग्लीमा स्थान निर्धारण गरी २०६९ देखि एकै ठाउँमा जम्मा भई पूजा गर्ने कामको थालनी भएको छ । प्यूठानको खैरा ७ मा आदरणीय भाउजु कलादेवीले जग्गा र भतिजा हरि प्रसाद पोखेलको निर्माण खर्च एवं अन्य दाजूभाइहरूको श्रम सहयोगमा सून्दर मन्दिर निर्माण भइसकेको छ । मन्दिर नभएको ठाउँमा मन्दिर बनाई (गौरा बारी) पूजा गर्ने चलन छ ।

कुल पूजा गर्दा पूर्णिमाको अघिल्लो दिन गौरा गई सरसफाइ गरिन्छ । कुल पूजा गर्न मन्दिर बनाइएको स्थानलाई गौरा भन्ने चलन छ । अघिल्लै दिन साँझ भोको पेट राखी शुध्द रहेका धामी तथा पुजारीहरूले गौरामा बत्ती बाल्ने काम गर्दछन् । बत्ती बले पश्चाात् जम्मा भएका धामी दाजुभाइहरू २ झाँक कामी धूप बालेर छाड्दछन् । अर्कोदिन अर्थात् पूर्णिमाका दिन सबैले

आआफ्नो घरबाट पूजा सामग्रीका साथै टपरीमा चामल राखी पालामा बत्ती राखेर लैजान्छन । प्रत्येक घरबाट लगेको कुलको लागि घिउको बत्ती गौराभित्र छुट्टा छुट्टै बालिन्छ र भेटी चढाइन्छ । साथै दीप, कलश, गणेशको आराधना गरी कुलदेव दूधे वराहाको पूजा गरिन्छ । मन्दिरबाहिर कुल देवको लागि अग्नी स्थापना गरी घिउमा मलेको जौको चरु एवं दूधको खीर हवन गरिन्छ र खीरको प्रसाद लगाइन्छ । साथै मन्दिरभित्रै एक छेउमा झाँक्री देउताको पूजा गरी झाँक्री महाराजलाई बोका चढाउने चलन भए तापनि इश्वरको नाममा पशु बलि चढाई रक्त नाला बगाउनु मानव धर्म विपरीत कार्य हो । पशु वा प्राणी हत्या स्वधर्म होइन । हत्या सत्कर्म पनि हुदैन । सत्कर्म विना धर्म हुँदैन । तसर्थ हिंसालाई रोक्न नरिवल एवं हलुवाको मेठो बनाई चढाउने चलनको पनि थालनी भएको छ ।

मन्दिरमा झाक चलेको बेला सिपालु धामीहरू संग बिरामीहरूले हेराउने पनि गर्दछन् । सात पूजा, सात झाँक कामी हवन आदि कार्य सकेपछि ब्राम्हण, कन्या कुमारीलाई टीका दक्षिणा गरी खीर र हलुवाको प्रसाद वितरण गरीन्छ ।

पशुवलि सम्वन्धमा मनुस्मृतिका निम्न श्लोक मनन योग्य छन् ।

कुर्याद्धृत पशुं संगे कुर्यात्पिष्टपशुं तथा ।
न त्वेव तु वृथा हन्तुं पशुमिच्छेत्कदाचन ॥३७॥
यावन्ति पशु रोमाणि तावत्कृत्वो हि मारणम् ।
वृथापशुध्नः प्राप्नोति प्रेत्य जन्मनि जन्मनि ॥३८॥

(मांस खाने इच्छा बढी भयो भने धृतयुक्त मैदाको पशु बनाएर खानू, व्यर्थमा पशु मार्नु हुँदैन । व्यर्थमा पशु वध गर्दा जन्म जन्मान्तरमा पशुका रौं झैं बारम्बार मारिनु पर्दछ ।)

मांसं भक्षयिताऽमुत्र यस्य मांसमिहाद्म्यहम् ।
एतन्मांसस्य मांसत्वं प्रवदन्ति मनीषिणः ॥५५॥

मनुस्मृती अध्याय ५,श्लो. ३७,३८,५५

(मनीषगणहरूको कथन छ कि जो जसको मांस यस लोकमा खान्छ उसले परलोकमा उसैलाई खान्छ ।

कुनैपनि प्राणीको हिंसा नगर्नु ज्ञानी हुनुको सार हो । अहिंसा परमो धर्मौ, अहिंसा परम सुखम् । समस्त धर्मशास्त्रहरूमा अहिंसालाई परमपद बताईएको छ । आत्मा भन्दा प्रिय केही छैन । आफ्नो आत्मा जस्तै अरु प्राणीको पनि आत्मा हुन्छ । त्यसैले प्राणीमा दयागर्नु नै उत्तम धर्म हो र कल्याण गर्छ ।

अहिंसा परमो धर्मो, अहिंसा परम सुखम् ।
अहिंसा धर्म शाश्त्रेष सर्वेष परमं पदम् ॥
देवता तिथिशुश्रूषा सततं धर्मशिलिता ।
वेदाध्ययन यज्ञाश्च तपोदानं दमस्तथा ॥

आचार्य गुरु शुश्रूषा तीर्थाभिगमनं तथा ।
अहिंसा वरारोहे कलां नाऽर्हन्ति शोऽशीय ॥

(महाभारत, अनुशासन पर्व, धर्म विज्ञान, प्रथम खण्ड, पेज ८८)

आजको व्दन्द्वात्मक भौतिक जगत्मा केवल वेदान्त दर्शनको आधारमा कर्मकाण्डी व्यवहार मात्र गर्नु भन्दा हाम्रा विचार र काम, बोली र व्यवहारमा समानता ल्याई चेतना र सृजनालाई परिष्कृत गर्दे हाम्रा दु:ख, त्यसका कारण एवं निरोधका उपाय पहिल्याउँदै सभ्य समृध्द बनाउन सद्भाव, भाइचाराको सह-अस्तित्व अंगीकार गर्ने उद्वेश्य र अवसरको रूपमा उपयोग गर्दे लैजानु आवश्यक छ । यसबाट नै सुन्दर भविष्यको कल्पना गर्न सकिन्छ ।

कुल पूजामा कुलदेवता (दूधे बराहा) संग प्राथना

बाह्र भाई दूधे बराहा ।
मंसिर मास शुक्लपक्ष ।
पूर्णिमा तिथि बिहानी पख ।
झुल्की घाम भोकी पेट ।
शुध्दरही भेला भयौं ।
भित्र बाहिर तिम्रो पूजा गर्न लाग्यौं ।
रक्षा गरे भलो गरे ।
अज्ञानीलाई ज्ञान दिए ।
निर्धनीलाई धन दिए ।
अपुत्रीलाई पुत्र दिए ।
बैरी शत्रु नाश गरे ।
अशान्तिमा शान्ति दिए ।
सदभाव प्रेम बढाइ दिए ।
रोग ब्याध हटाइ दिए ।
भोक प्यास मेटाइ दिए ।
सत्मार्गको राह देखाइ दिए ।
एकताको गाठो रहि रहोस् ।
सभ्य र समुन्नत समाज बनोस् हाम्रो ।
शुभ कामना जय होस् मातृ भूमिको ।
बनोस् हाम्रो नेपाल राम्रो ।
तिम्रा शरण पर्छौ हामी ।
भलो गरे है ……… ।
रक्षा गरे है ………. ।
क्षमा गरे है ……… ।

धर्म संस्कृति रीतिरिवाज

अचार:परमो धर्म:सर्वेषमिति निश्चय:

(धर्म बिज्ञान, प्रथम खण्ड, पे.८६)

धर्म भनेको निष्ठा, विचार, सदा सत्यको रुपमा धारण गर्ने पध्दति हो । जसवाट धारकको सर्वदा कल्याण मात्र हुन्छ । हामी सनातन धर्मावलम्वी हौ । हाम्रा धर्म र ऋती त्याग र कर्तव्यमा आधारित छन् । जसले सर्वथा मानव कल्याणको चाहना राख्छ । हाम्रा संस्कृति एवं ऋतीहरू सुख प्राप्तीका लागी व्यवस्थित गरिएका छन् । धर्म र ऋतका वारेमा वेदाहिशाश्त्रमा नियमादि रुपमा व्याख्या गरिएको पाइन्छ । पूर्वजबाट चल्दै आएका चलन वा मान्दै आएका आस्थाका ऋतीहरू नै हाम्रा संस्कृति हुन् । ऋत नै आचरणको रुपमा धर्म हो । धर्मको मुल आधार ऋत हो । वैदिक कालबाट चल्दै आएको धर्म नै सनातन धर्म हो । प्रकृती, वातावरण र काल अनुसार विकसित जीवन पध्दती वा चलन नै वास्तवमा संस्कृति हो ।

खैराली पोखरेलहरूको रीतिरिवाज नेपाली हिन्दु ब्राम्हणसंग मिल्दछ । धर्म संस्कृति अनुसार जन्म मरण, विवाह, व्रतबन्ध आदि कर्म गर्दछन् । वैशाखे संक्रान्ति, साउने संक्रान्ति, रक्षा बन्धन, कुशे औंशी, हरितालिका (तीज), बडादशैं, तिहार, माघे संक्रान्ति, चैते दशैं जस्ता पर्वहरू उत्सवका साथ मनाइन्छ । दशैंमा देवी भगवतीका साथै भूमे, खड्का देवताको पूजा गरिन्छ । ब्रम्हा, विष्णु, महेश्वर अर्थात् ॐ लाई सर्वोपरि स्थान दिइन्छ । विष्णु, सूर्य, शिव, देवि र गणेशलाई शिव पञ्चाङ्ग देवताको रूपमा पूजा गर्दछन् । चाडपर्व मनाउँदा, नयाँ अन्न खाँदा, मिठो वस्तु पकाउँदा कुल देवताका साथै भैरव र झाँक्री देवतालाई पनि सम्झने चलन छ । श्रावणको खिरे आंशीमा खीर चढाई खाने र मार्ग शुक्ल पूर्णिमादेखि सोझै खीर नखाने अन्य परीकार बनाई खाने चलन छ । वराह देवतालाई कुल देवता र सिध्द भैरवलाई इष्ट देवता मानिन्छ ।

धर्म, संस्कृति हाम्रो पहिचानका विशेषता हुन् । आज पश्चिमा संस्कृतिको बढ्दो प्रभावले एकातर्फ संरक्षण र संबर्धनमा चुनौती थपिएका छन् । अर्कोतर्फ परम्परागत रुढीवादी, ढोगी संस्कारलाई परीमार्जित गर्दे सरल र सहजरुपमा बोधगम्य उपादेयताको परिभाषामा विज्ञान र चेतनाको विकासले ल्याएको समाज विकासको गतिसंग तादाम्य मिलाई परिष्कृत गर्दे लैजानु त्यतिकै बढी आवश्यक भएको छ ।

वैद्य उपाधिका बारेमा

पूर्व कास्की पोखराबाट प्यूठानतर्फ आएका हाम्रा पुर्खा नरोत्तमले खैरा गाउँमा आई बसोबास गरेदेखि नै आफ्नो गाउँ र आसपासका गाउँका बिरामीहरू हेर्न थाले । धेरैजसो बिरामी उनको उपचारबाट निको हुँदै गए । त्यो खबर जताततै फैलियो । प्यूठानका भित्रीकोटे राजाले पनि त्यो खबर थाहा पाएछन् । उनकी रानी बिरामी भएको बेला बोलाएछन् । राजालाई परीक्षण गर्न मन लागेछ । एउटा पानीले भरिएको घडा र जातोमा धागोले बाँधेर नरोत्तमलाई दिएछन्, उनले धागो छामेर योभित्र पानी पानी छ जलग्रह बढेको छ: घुमाउने रोग लागेको छ भनेछन् । त्यसपछि

राजा अति प्रभावित भएर रानीको उपचार गर्न लगाएछन् । समयमा नै रानी स्वस्थ भएकोले राजाले खुसी भएर केही उपहार र वैद्य उपाधि समेत दिएछन् । खैराका वैद्य सिपालु भनेर उनको कीर्ति जतातत्तै फैलिएको रहेछ । आजभोलि पुर्खाले पाएको उपाधिबाट खैरामा बसोबास गर्ने पोखेल थर भएका ब्राम्हणहरू खैराली वैद्यको रुपमा पनि चिनिन्छन् । कसै कसैले त आजभोलि पोखेल थरको सट्टा वैद्य लेख्ने गर्दछन् ।

जनश्रुती अनुसार हाम्रा पुर्खा नरोत्तमले सिध्द भैरवबाट आशीर्वाद पाएका थिए । भनिन्छ उनले गरेका काम सबै सफल हुन्थे । सिध्द भैरवको पूजा पछिसम्म उनका शाखा सन्तानहरूले पनि गर्दे आएका थिए । पोखराबाट आएका तिनै नरोत्तमका सन्तानहरूको पहिलो थलो खैरा त्यसपछि विभिन्न समय कालक्रमसँगै विभिन्न ठाउँहरूमा कैलाली, बर्दिया, बाँके, दाङ्ग, देउखुरी र प्यूठानकै पुण्यखोला, टिकुरी, बिजुवार टारीमा बसाईंसराइ गरी ठाउँ ठाउँमा छरिएर बस्दै आएका छन् ।

दूधे बराहालाई कुल देवता र सिध्द भैरवलाई इष्ट देवता मानी कुल पूजा गर्ने खैरा मूल थलोबाट विभिन्न ठाउँमा छरिएर रहेका पोखेलहरू पूर्वजका आदर्श गुणहरूलाई कायम राख्दै आफ्नो परिचय बनाउँदै आएका छन् । पुर्खाले वैद्य उपाधिबाट प्रसिध्दि पाएका थिए भने अहिले नया पिढी उच्च शिक्षा हासिल गरी सरकारी सेवा, संघसंस्था, विश्वविद्यालय, समाजसेवा र राजनितिजस्ता सबै क्षेत्रमा प्रवेश गरी मेहनत र स्वाभिमानका साथ अगाडि बढेको पाइन्छ ।

वैद्य उपाधि भित्रीकोटे राजाले दिएको भन्ने कुरा अगाडि नै उल्लेख भै सक्यो । भित्रीकोटे राजाले हाम्रा पुर्खा नरोत्तमलाई दिएको भन्ने बुढापाकाहरूको भनाइ हो । भित्रीकोटे राजा कसले, कहिले दिएका थिए यसबारे जानकारी लिन आवश्यक छ । प्यूठान राज्यको चर्चा गर्दा पृथ्वी नारायण शाहको एकीकरणपूर्व बाइसे चौबिसे राज्यहरू मध्ये प्यूठान चौबिसे राज्यहरूमा पर्दथ्यो । यसको राजधानी भित्रीकोट थियो । प्यूठान राज्यको ऐतिहासिक झलक (गितु गिरी, जि.वि.स.प्यूठान,२०५२) नामक पुस्तकमो उल्लेख भएको सन्दर्भ सामग्रीको आधारमा चर्चागर्दा बि.सं. १८४३ कार्तिक १९ मा प्यूठान विशाल नेपालमा एकीकरण भएको थियो । प्यूठान राज्यको स्थापना बि.सं. १५६० तिर भएको पाइन्छ । पन्ध्रौं शताब्दीतिर स्थापित राज्यका सस्थापक लट चन्द भनिए तापनि एघारौं पुस्ताका मनिक चन्द वि.सं १८१० देखि १८३४ सम्म र बाह्रौं पुस्ताका मोति चन्द १८३५ देखि १८३८ सम्मका राजाले बिकेन्द्रित शाशन प्रणाली अनुरूप थुम थुममा क्षेत्रीय प्रशासक नियुक्त गरी शाशन संचालन गरेको पाइन्छ ।

कृपाल चन्द प्यूठानका गोपाल चन्द बिजुवार र मधु चन्द खैराका राजा भएको पाइन्छ । पुराना लिखतहरूमा थूं भित्रीकोटे मौजे खैरा लेख्ने गरेको तिहार अर्थात् भाइटिकाको भोलिपल्ट पुण्यखोलको डल्ले मेलामा नाङ्गो तरवारको नाच (सराया) लैजाँदा खैराको तेर्छाकुलामा मौलोमानी सराया लग्ने गरेबाट पनि खैरा स्वतन्त्र राज्य नभई भित्रीकोटे राजाको अधीनको क्षेत्रीय शासन केन्द्र थियो भन्ने मान्न सकिन्छ । भित्रीकोटे राजाहरूबाटै खैरा फाँट सिंचाइ कुलोको व्यवस्था

मिलाईदिएको, गोरखनाथ, झाँक्री देवताको गुठी व्यवस्था गरिदिएको र खैराका थम्मन आचार्यका भाइहरूलाई तेर्छाकुलाको ६० मुरी खेत रजवाधक मोहर प्यूठानी राजाबाटै भएकोमा पछि शाह वंशिय राजा राजेन्द्र विक्रमका पालामा १८८९ चैत्र १३ मा सदर लालमोहर बक्स भएको देखिन्छ ।

चौबिसे राज्यमा शक्तिशाली राज्य कास्की हालको पोखरा र प्यूठानको राम्रो सम्बन्ध भएको बेला हाम्रा पुर्खा प्यूठानतर्फ आएको अनुमान लगाउन सकिन्छ । राम्रो सम्बन्ध भएकाले सिध्द भैरवको सिध्दि पाएका र तान्त्रिक विद्यामा निपुर्ण रहेका नरोत्तमको ज्ञान र सिपका बारेमा खैराका क्षेत्रीय प्रशासकबाट राजालाई जानकारी गराउँदा उनलाई झिकाई परीक्षणपछि रानीलाई उपचार गराएको र रानीको उपचारबाट प्रसन्न भई राजाले वैद्य उपाधि दिएका थिए । यस कुराबाट उनी आर्युवेद र तन्त्र विद्यामा निपुण र विवेकशील व्यक्ति थिए भन्न सकिन्छ ।

प्यूठान राज्यको इतिहास अन्ध्ययन गर्दा, मधु चन्द खैराको राजा भनेर उल्लेख गरिए तापनि स्वतन्त्र अस्तित्वमा खैरा नदेखिएकोले क्षेत्रीय शाशन केन्द्र मान्न सकिन्छ । इतिहासको अध्ययनमा राजाहरूको शासन अबधि २५ बर्ष मानेर गर्ने चलन छ । हाम्रा पुर्खा नरोत्तम देखि हाल मेरो पुस्तासम्म ७ पुस्तामात्र भएको र एक पिढीको सरदर आयु ४० वर्ष मान्दा करिब दुई, अढाई सय बर्ष प□र्व बि.स १८१० तिर मानिक चन्द प्यूठानका राजा भएको मान्न सकिन्छ । त्यो भन्दा पहिले ४० वर्षलाई घटाएर अध्ययन गर्ने हो भने पृथ्वी पति राजा भएको पाइन्छ । तर मानिक चन्दको पालामा धार्मिक तथा सामाजिक कार्यमा चासो राखी गुठी राख्ने काम गरेको र शैव सम्प्रदायको नाथ तथा भैरव मत लोकप्रिय भएको ब्राम्हणको विशेष स्थान रहेको उल्लेख भएको देखिएको र चन्द्रवंशी राजाहरूको शासनकालमा र हाम्रा पूर्वज नरोत्तमको समयकाल तुलना गर्दा मिल्दोजुल्दो अवधि देखिएकोले उनैका शासनकालमा वैध उपाधि पाएका हुन् कि भन्ने अनुमान हो । हिजो आजका कुरा भोलि सत्य असत्य ठहर्न सक्लान् तर तथ्यगत प्रमाण विना ऐतिहासिक कुरा किटानी गर्न सकिदैन । यो विषयमा गहकिलो अध्ययन र अनुसन्धानको आवश्यकता रहेको छ । त्यसैले वंशजको ऐतिहासिक पृष्ठभूमिबारे खोजीनिती गर्ने काम इतिहासमा जिज्ञासा राख्ने सबैको हो भन्ने लाग्दछ ।

खैराली पोखेलहरूको अन्य पोखरेलसंगको सम्बन्ध ।

खैराली पोखेलको अन्य दूध पोखेलहरू संगको सम्बन्धका बारेमा चर्चा गर्दा विभिन्न ठाउँहरूमा छरिएर रहेका भारद्वाज गोत्री पोखरेलहरू संग पुर्खा जोडिएको वा छुट्टिएको कुनसंग कहिले कहीकतै केही तथ्य फेला पार्न सकिएको छैन । धेरैजसो दूध पोखेलहरूको माउथलो पोखरा भएको पाइन्छ । प्यूठान क्वाडीका पोखेलहरू दैलेखबाट आएको बताउँछन् भने गुल्मीतिरका भारद्वाज गोत्री पोखेलहरू जुम्लाबाट आएको भनी एक जना गुल्मेली पोखेल बन्धुले बताउनु भएको थियो । यसरी विभिन्न स्थानहरूमा रहेका भारद्वाज गोत्री दूध पोखेलहरूको माउथलोको बारेमा एकमत नरही बिबाद रहेकोले यस सर्न्दभमा जिज्ञासुहरूका लागी खोजीनितीको विषय

बनेको छ । तर हाम्रा पुर्खा नरोत्तम पोखराबाट प्यूठान आएको भन्ने भनाइ छ । कतिले पोखराबाट बादिकोट वा धुर्कोट आएको भन्ने गर्दछन । दाङ्ग कर्जाही बस्ने दाजु गणेश प्रसाद पोखेलले पोखरा बाट धुर्कोट र धुर्कोटबाट खैरा आएका हुन् भनि थप जिज्ञासाको विषय उठाउनुभएको छ तापनि यस सम्बन्धमा यथार्थ जानकारी छैन ।

२०५७/५८ सालतिर कोष तथा लेखा नियन्त्रण कार्यालय बाँकेमा कार्यरत लेखा अधिकृत राजाराम पोखरेल संगको भेटमा पोखरामा आई बस्ने पहिलो पुर्खा मूरमर्दन, धर्मराज, दत्तात्रय, दयाराम पछि तुल्सीराम र बृहस्पति दुई भाइमध्ये तुल्सीरामको प्यूठानतर्फ र बृहस्पतिको हाँगो स्याङजातर्फ लागेको भनी बताउनु भएको थियो ।

त्यस्तै जागेगाउ (सल्यान) पर्वतका पोखरेलहरूको वंशावली हेर्दा उनीहरूको वंशावलीमा पहिलो श्रीधर त्यसपछि बालकृष्ण, पदमपाणि, मित्रलाल र मित्रलालका छोराहरू देवदत्त, गोविन्द, ध्रुवलालदेखि देविप्रसादका सन्तानहरू उल्लेख गरिएको छ । प्यूठान आएका हाम्रा पुर्खा नरोत्तम संगको सम्बन्ध फेला पार्न सकिएन ।

त्यस्तै प्यूठान क्वाडीबाट मानपुर टपरा, बर्दिया बसाइँसराई गरेका मधुसूदन पोखरेलको भनाइ अनुसार पोखराबाट बादिकोट आएका हिमैका छोरा हितानन्दका छोराहरू मध्ये क्षेत्रिनीबाट जन्मेकाहरू पायडाडातर्फ र ब्राम्हणीतर्फका सन्तान खगेश्वर टारी आएका, तिनका छोराहरू केदार, रामप्रसाद, मधुसूदन, जनार्दन र चक्रपाणि हुन । यिनीहरूले पहिले पहिले पौवालीहरूलाई गोत्यार मानेर कुलपूजा संगै गर्दथे भन्ने भनाई छ । तर मधुसूदनको आमाको मावली खैराली वैद्य हुन् भनेकोले थर तथा गोत्र मिलेता पनि नजिकका गोत्यार भएको भन्ने अवस्था देखिदैन ।

त्यस्तै धुर्कोटबाट कुटिचौरमा आई बसोबास गरेका हरिप्रसाद, छविलाल, तोयाराम र रामप्रसादमध्ये हाल कृष्णनगरमा बस्ने रामप्रसाद पोखरेलको भनाइबाट दाजूभाई भने तापनि पूस्ताको ज्ञान जानाजान हुनसकेन ।

प्युठान क्वाडीका गिरिराज पोखरेलको भनाइ अनुसार दैलेखबाट पुर्खा परमानन्द क्वाडीमा र विरजानन्द पुण्यखोलामा आएका थिए । परमानन्दपछिका बालुनन्दका सन्तान क्वाडी, भित्रीकोट र दाङ्गका मजगैया पोखरेलहरू समेत हुन । विजया दशमीको अष्टमीदेखि स्थापना गरी दशमीका दिन विसर्जन गर्ने ज्वालामाई र चामुण्डा भगवतीको पूजागर्ने त्यसैलाई कुलपूजाको रूपमा लिने चलन भएको कुरा बताउनु भएको छ । उँहाका छोरा मेघराज पोखेलले विजयादशमी जस्तै चैत प्रतिपदादेखि चैत्राष्टमी सम्म पूजा गर्ने त्यसलाई कुल पूजाको रुपमा लिने हुँदा वर्षमा २ पटक कुल पूजा गर्ने, पूजा अवधिभर विवाहित चेलीलाई घरभित्र पस्न नदिने र सेतो बोका मात्र बलि चढाउने चलन छ भनी बताउनु भएको थियो । त्यस्तै क्वाडीकै मुक्तिप्रसाद पोखरेलको भनाइ अनुसार दैलेखी राजाले भित्रीकोटे राजालाई छोरी दिदा सत्यधर र विद्याधरसमेत ३ भाइ ब्राम्हणसमेत प्युठान पठाएका थिए । पछि भित्रीकोटे राजाले सल्यानी राजालाई छोरी दिदा

पठाएका ब्राम्हण दाङ्गमा गै बसी मजगैया भनी कहलाएका हुन् । त्यसैले दैलेखबाट आएका पुर्खाका सन्तान, क्वाडी, भित्रिकोट, चुधारा र दाङ्गका मजगैया पोखरेलहरू हुन् । हामीहरूले ज्वालामाई लाई कुलदेवता मान्दछौं भनी बताउनु भएको छ । उपरोक्त भनाइहरू बाट पुर्खाको माउथलो, कुलदेवता र पूजा प्रकृया समेत नमिल्ने र खैराली पोखेलसंग पहिले देखि नै बिहेबारीसमेत चल्ने गरेकाले थर गोत्र मिले तापनि नजिकको दाजुभाइ रहेको पुष्टि हुने तथ्य फेला नपरुन्जेल सगोत्री मात्र मान्न सकिने अवस्था छ ।

यसै संबन्धमा दाङ्ग सोनपुर ८ सुनडबरी बस्ने मदन मजगैयाको भनाइ अनुसार प्यूठानबाट दाङ्ग आएका पुर्खा सूदय रामेश्वर (सूदयराम) हुन्, छिलिकोटे राजाले जगदामजगाउ मौजा उपहार दिई बसेकाले मजगैया भयौ, कुलपूजा दशैंमा गर्दछौं । क्वाडीका पोखेलहरू संग कुलपूजाको प्रकृया मिल्दोजुल्दो रहेको बताउनु भएको छ । त्यस्तै प्यूठान बिजुलीबाट दाङ्ग सोनपूर ८ फल्कापुर आइबसेका राम प्रसाद पोखेलको भनाइ अनुसार पुर्खा पोखराबाट जुम्ला, जुम्लाबाट दाङ्ग बिजौरी र दाङ्ग बिजौरीबाट प्यूठान आएका थिए । उनैका सन्तान हाल बिजुलीबाट नर्ती, सुन्डबरी, फल्कापुर र चैलाहीमा आई बसोबास गरेका छन् । कुलपूजा हाँस वराह र सेती वराहका साथै सिध्द भैरवको पूजा मंसीरे पंचमीका दिन गर्ने चलन छ भनी बताउनु भएको छ । खैराली पोखेलहरूसंगको सम्बन्ध फेला पार्न सकिएन ।

दाङ्ग सोनपुर ८ कौडिया बस्ने हेमराज पोखेलको भनाइ अनुसार अर्घाखाँचीको ढिकुराबाट आएको भारद्वाज गोत्री दूध पोखेल भएको पुर्खा शशिधर, शोभाखर, जयलाल, र उनका छोरा हेमराज भएको कुल देवता दूधे वराहालाई मान्ने, कुल पूजामा होम गर्ने, पशुबलि नचढाउने, असारे पूर्णिमामा कुल पूजा गर्ने चलन रहेको बताउनु भए तापनि हाम्रा पुर्खा संगको सम्बन्ध फेला पार्न सकिएन ।

त्यस्तै प्यूठान ओखरकोट-८, मच्छि, (चुँधारा) वस्ने हरि प्रसाद पोखेलको भनाई अनुसार ओखरकोट, वादिकोट, तुसारा, तोरवाङ्ग, मरन्ठाना, पुण्यखोला, क्वाडि, माडिखोला, भिङ्गी, र दाङ्गका मजगैया दूध पोखेल ब्राम्हणहरूका पुर्खा दैलेखबाट भित्रिकोटे राजाको पालामा आएका थिए । उनीहरू पुरोहित्याई र ज्योतीषी कामको सिलसिलामा बिभिन्न ठाउहरूमा रहन थाले । भित्रिकोटबाट ओखरकोट, वादिकोट जाने कन्टु जैसी (ज्योतीषी) हुन । उनका ३ भाइ छोराहरूमध्ये १ भाइ ओखरकोट, १ भाइ वादिकोट, १ भाइ तुसारा गएका थिए । यसरी विभिन्न स्थानहरूमा छरिएर रहेका पोखेलहरूको कुलपूजा प्रकृया भिन्न भिन्न रहे तापनि सवै एउटै पुर्खाका सन्तानहरू हौ भनि बताउनु भएको छ ।

खेमराज शर्मा पोखेल (घोडागाउँ) लेखक रहेको "भारद्वाज गोत्रीय पोखेल वंशावली" भन्ने २०६८ मा प्रकाशित पुस्तिकामा (पृ.४,५) दैलेखबाट बसाई सराई गर्दै प्यूठानको भित्रिकोट, क्वाडी, मच्छी, पुण्यखोला, र खैरा सरेको भनी उल्लेख गर्नु भएको पाइयो । उक्त पुस्तिकाको भूमिकामा

दैलेखवाट प्यूठान आएका ब्रह्माणमध्ये जेठा शक्तिधरका सन्तान पुण्यखोलाका आसपासमा, कान्छा बिद्याधरका सन्तान दाङ्गमा र माहिला ज्ञानधरका सन्तानमध्ये कुनै भाइ घोडागाउँ, भिङ्गी आदि ठाउमा भएको भनि उल्लेख भएको पाइन्छ । उक्त वंशावलीमा घोडागाउँले पोखेलहरूको नाबावली उल्लेख भएको छ । खैरा आएका हाम्रा पुर्खा नारोत्तम संगको सम्बन्ध र खैराली पोखेलहरूका पुर्खा दैलेखबाटै आएको भन्ने बारेमा तथ्यगत प्रमाणहरू केही फेला पार्न सकिएन ।

खैराली (प्यूठानका) पोखेलहरूको संक्षिप्त चिनारी

थर : दूध पोखेल
गोत्र : भारद्वाज
प्रवर : त्रिप्रवर (भारद्वाज, अङ्गिरस, बार्हस्पत्य)
कुल देवता : दूधे वराह
इष्ट देवता : सिध्द भैरव
कुल धर्म : सनातन
ग्राम्य देवता : स्थानीय देवता
वेद : शुक्ल यजुर्वेद (ऋृगवेद, यजुर्वेद (शुक्ल र कृष्ण), सामवेद, अथर्षवेद
शाखा : वाजसनेय (वाजसनेय, कण्व)
उपवेद : धनुर्वेद, आयुर्वेद, गन्धर्ववेद, स्थापत्यवेद)
दर्शन : षडदर्शन (वैशेषिक, न्याय, सांख्य, योग, मीमांसा, वेदान्त)
: जलदर्शन (जलदेवताको प्रतिकका रूपमा पूर्वजहरूबाट जलदर्शन मान्दै आएको पाइन्छ)
आसन : कमलासन (पद्मासन)
ब्रह्मण : कान्यकुब्ज
पुराण : अठार पुराण
कर्म काण्ड : धर्मशास्त्र अनुसार
पूजा विधि : वैदिक
पात्र : स्वर्ण, रजत, ताम्र
यज्ञसूत्र : जनै
मन्त्र : गायत्री र सावित्री
धर्म ग्रन्थ : वेद, उपनिषद्, गीता, पुराण

परिशिष्ट

पृथ्वीको उत्पत्ति सम्बन्धमा

सौर्य मण्डलको उत्पत्ति एक बिशाल ग्यासीय निहारीका बाट भएको र यसैबाट पृथ्वीको उत्पत्ति भएको हो भनी लाप्लासा (Laplace) ले भनेका हुन । आधुनिक विज्ञानले पृथ्वीको उत्पत्ति सौर्य मण्डलबाट भएको भनी मानेको छ । पृथ्वीको उत्पत्ति आजभन्दा करीब ४ अर्ब वर्ष पहिले भएको भन्ने भूगर्भविदको भनाई पाइन्छ ।

पृथ्वीको क्षेत्रफल : ५१ करोड वर्ग किलोमिटर (९ करोड ३० लाख वर्ग माइल)
परिधि : ४० हजार किलोमिटर
सृष्टि : उत्पत्तिबाट नाश नभए सम्म
स्थिति : पृथ्वीमा जीवको विकास स्थिति ।
प्रलय : पृथ्वीमा भएका सबै जीबहरको नाश भएको समय ।

पृथ्वीको आयु ४ अरब ३० करोड वर्ष भएको बिद्वानहरूको भनाइ पाइन्छ । पृथ्वीको आयुलाई मानब वर्ष भन्दछन ।

सौरमान दिव्यमान बर्ष

विवरण	सौरमान वा मानववर्ष	देवमान वा दिव्यवर्ष
१ चतुर्युगी १ मन्वन्तर	४३,२०,०००	१२,०००
७१ चतुर्युगी	३०,६७,२०,०००	८,५२,०००
कल्पको सन्धि	१७,२८,०००	४,८००
मन्वन्तरको १४ सन्ध्या	२,४१,२२,०००	६७,२००
सन्धिसहित १ मन्वन्तर	३०,८४,४८,०००	८,५६,८००
१४ सन्ध्यासहित १४ मन्वन्तर	४,३१,८२,७२,०००	११९९५२००
कल्पको सन्धिसहित १४ मन्वन्तर	४,३२,००,००,०००	१,२०,००,०००

१ कल्पलाई ब्रह्माको १ दिन मानिन्छ । त्यही हिसाबले रात्री र दिन समेत अहोरात्र ब्रह्माको परम आयु १०० वर्ष हुन्छ । (श्रीमद् भगवद्गीता, तत्व विवेचनि हिन्दी टीका, जयदयाल गोविन्द पेज ३५९, गीताप्रेस गोरखपुर)

मन्वन्तर र सप्तऋषिहरू

क.स.	१४ मन्वन्तरहरू	सप्तऋषिहरू
१	स्वाम्भुव	मरिचि, अत्रि, अङ्गिरस, पुलस्त्य, पुलह, श्रृतु, बशिष्ट
२	स्वारोचिष	उर्ज्ज, स्तम्भ, वात, प्राण, पृषभ, निरथ, परीवन
३	उत्तम	महर्षि वशिष्टका ७ पुत्र
४	तामस	ज्योतिधामी, पृथुकाब्य, चैत्र, अग्नि, वनक, पावर
५	रैवन्त	हिरण्यरोमा, वेदश्री, उर्ध्वबाहु, वेदबाहु, सुधामा, पर्जन्य, महामुनि
६	चाक्षुष	सुमेधा, बिरना, हविब्मान, उत्तम, मधु, अतिनामा, सहिष्णु
७	वैवस्वत	कश्यप, अत्री, बशिष्ट, शिश्वमीत्र, गौतम, जमदग्नी, भारद्धाज
८	सावर्णिक	गवल, दिप्तिमान, परशुराम, अश्वत्थामा, कृप, श्रृष्यशृङ्ग, ब्यास
९	दक्षसावर्णि	मेधातिथि, वसु, सत्य, ज्योतिस्मान्, द्युतिमान्, सवन, भव्य
१०	ब्रह्म सावर्णि	तपोमूर्ति, हविष्मान, सुकृत, सत्य, नाभाग, अप्रतिमौजा, सत्यकेतु
११	धर्म सावर्णि	बायुष्मान, घृणि, आरुणि, नि:स्वर, हबिष्मान्, अनघ, अग्नीतेज
१२	रुद्र सावर्णि	तपोद्युति, तपस्वी, सुतपा, तपोमूर्ति, तपोनिधी, तपोरती, तपोघृती
१३	देव सावर्णि	धृतिमान, अब्यय, तत्वदर्शी, निरुत्सुक, निर्मोह, सुतपा, निष्प्रकम्प
१४	इन्द्र सावर्णि	अग्नीध, अग्निबाहु, शुचियुक्त, मागध, शुक्र, अजित

श्रोत: गर्गगोत्री आचार्य वंशावली २०६१

सप्त प्रजापति

सप्तब्रह्मा (देवर्षि) महाभारत शान्तिपर्व २०८/३,४,५

१. मरिचि ऋृषि :कश्यप ऋृषि यिनैका पुत्र थिए ।

२. अङ्गिरा ऋृषि :यिनका धेरै पत्नीहरू मध्ये प्रमुख ३ थिए, जस्मा मरिचि कन्या सुरुपा बाट बृहस्पतिका, कर्दम ऋृषिकी कन्या स्वराट्बाट गौतम, वामदेवादि ५ पुत्रहरू, र मनुकी पुत्री पथ्याबाट विष्णु आदि ३ पुत्रहरूका साथै अग्नीकी कन्या आत्रेयीबाट अङ्गिरस नाम गरेको ऋृपिहरूको जन्म भएको, कुनै कुनै ग्रन्थमा बृहस्पतिको जन्म शुभा नाम गरेकी पत्नीबाट भएको भन्ने उल्लेख पाइन्छ ।

३. अत्रि :अनसूया जी उनकी पत्नी हुन् । उनि कपिलदेवकी बहिनी, देवदुतकी कन्या हुन् । उनले राम वनवास गएको बेला सीताजीलाई सती धर्मको उपदेश दिएकी थिइन् । ब्रह्माको आज्ञा अनुसार प्रजा विस्तारका लागि ऋृक्षनामक पर्वतमा तपस्यागरी ब्रह्मा, विष्णु र शंकरको दर्शन पाएका थिए । बिष्णुको अंशबाट

दत्तात्रेय, ब्रह्माको अंशबाट चन्द्रमा, शिवजीको अंशबाट दुर्वासाजी भए ।

४. पुलस्त्य :अगस्त्य, निदाध र विश्रवा उनका पुत्र हुन् । विश्रवाबाट कुवेर, रावण, कुम्भकर्ण र विभीषण जन्मेका थिए ।

५. पुलह :उनकी पत्नी दक्षप्रजापतिकी कन्या क्षमा र कर्दम ऋपिकी पुत्री गतिबाट सन्तानहरू जन्मेका थिए । उनले गौतम ऋृषिलाई ज्ञान दिएका थिए ।

६. ऋृतु :उनका पत्नी कर्दम ऋृषिकी कन्या क्रिया र दक्षपुत्री सन्तती थिए । यिनका ६० हजार बालखिल्य नाम गरेका ऋृषिहरूको जन्म भएको थियो ।

७. वशिष्ठ :तप, तेज, क्षमा र धर्ममा उनको ठूलो ख्याति थियो । उनकी पत्नीको नाम अरुन्धती थियो । उनी सूर्य वंशका कुल पुरोहित थिए । रामचन्द्रजी उनका शिष्य थिए ।

(श्रीमद् भगवद्गीता तत्वविबेचनी, हिन्दी टिका, जयदयाल गोविन्द, दशम अध्याय, ३५७)

१८ पुराणहरू

पुराणको नाम		श्लोक	पुराणको नाम		श्लोक
१.	मत्स्य	१४,०००	२.	मार्कण्देव	९,०००
३.	भविष्य	१४,५००	४.	भागवत	१८,०००
५.	ब्रहम	१०,०००	६.	ब्रहमाण्ड	१२,०००
७.	ब्रहमवैवर्त	१८,०००	८.	वामन	१०,०००
९.	वायु	२४,६००	१०.	विष्णु	२३,०००
११.	वराह	२४,०००	१२.	अग्नि	१,६००
१३.	नारद	२५,०००	१४.	पद्य	५५,०००
१५.	लिङ्ग	११,०००	१६.	गुरुड	१९,०००
१७.	कूर्म	१७,०००	१८.	स्कन्द	८१,०००

श्रोत: संक्षिप्त श्रीमद्वेवी, भागवत पहिलो स्कन्द्व, पृ.२०, तेश्रो अध्याय

भगवान विष्णुका दश अबतार

१) मत्स्य २) कूर्म ३) वराह ४) नरसिंह ५) वामन ६) परशुराम ७) राम ८) कृष्ण ९) बुध्द १०) कल्की

हिन्दूका मुख्य संस्कारहरू

१) गर्भाधान २) पुंसवन ३) जातकर्म ४) नामाकरण ५) अन्नप्राशन ६) उपनयन ७) बिवाह

देवपूजाका रीति (षोडशोपचार)

१. आवाहन	२. आसन	३. अर्ध्य	४. आचमन
५. मधुपर्क	६. स्नान	७. वस्त्राभरण	८. यज्ञोपवित
९. चन्दन	१०. पुष्प	११. धुप	१२. दीप
१३. नैवेद्य	१४. ताम्वुल	१५. परिक्रमा	१६. प्रणाम

चौबिसे राज्यहरू (गण्डकी क्षेत्र)

१) नुवाकोट	२) गोरखा	३) गरहू (गह्रोकोट)	४) ढोर
५) भीरकोट	६) स्याङजा	७) कास्की	८) सतहुकोट
९) लमजुङ्ग	१०) तनहुँ	११) रिसिङ	१२) पैयुं
१३) पाल्पा	१४) गुल्मी	१५) अर्खा	१६) खाँचि
१७) धुरकोट	१८) इस्मा	१९) पर्वत	२०) गलकोट
२१) मुसिकोट	२२) प्यूठान	२३) उदयपूर	२४) मुस्ताङ्ग

बाइसे राज्यहरू (कर्णाली क्षेत्र)

१) जुम्ला	२) जाजरकोट	३) सल्यान	४) अछाम
५) रुकुम	६) विलासपूर	७) दुल्लु	८) डोटी
९) दैलेख	१०) रासकोट	११) सान्नी	१२) दर्ना
१३) बिमकोट	१४) बोगटान	१५) रोल्पा	१६) खुम्री
१७) बाजुरा	१८) मालनेटा	१९) बझाङ्ग	२०) दाङ्ग
२१) जहारी	२२) थालरा		

(श्रोत: खरिदार परीक्षा सारथि (पृ.१७६, दशौं संस्करण, टंक के.सी)

सन्दर्भ सामग्रीहरू

१) गर्गगोत्री आचार्य वंशावली २०६१, संपादक निर्मल कुमार आचार्य, प्रकाशक गर्गगोत्री आचार्य समुह ।

२) थर गोत्र प्रवरावली, पं.शिखर नाथ सुबेदी, छैटमाकृति, महेश प्रसाद द्वारा सत्यनाम प्रेस भेदामिनवनास सन १९२८ ।

३) प्यूठान राज्यको ऐतिहासीक झलक, जितु गिरी, प्रकाशक, जि.वि.स. प्यूठान प्रथम संस्करण २०५२ ।

४) भगवद् गीता, तत्वविवेचनी, हिन्दी टीका, जयदयाल गोविन्द, गीता प्रेस, गोरखपुर, सं.२०६२ चौदहवा पुर्नमुद्रण ।

५) नित्यकर्म पुजा प्रकाश, पं.लाल बिहारी मिश्र, गीता प्रेस, गोरखपुर, सं.२०६२ उनवालीसवाँ, प्रथम संकरण, पुर्नमुद्रण ।

६) दैनिक पूजा विधि तथा वार्षिक पर्व निर्देशिका, मधुसूदन सुवेदी, प्रथम संस्करण, २०६०, प्रकाशक, म.से(अ.प्रा) हेम बहादुर कार्कि, ललितपुर ।

७) हिमाल पञ्चाङ्ग २०६८, पं. प्राणनाथतनुज पद्मनाम त्रिपाठी ।

८) उपनिषद् मर्म, साधु महेशदास, प्रकाशक स्वामी नारायण अक्षरपीठ, अहमदावाद, गुजरात, भारत, प्रथम संस्करण, अगस्त २०१२ ।

९) मनुस्मृति, प्रकाशक डा. चमन लाल गौतम, संस्कृति संस्थान, ख्वाजा कुतुव वेदनगर, वरेली, उ.प्र, संशोधित संस्करण, सन २००० ।

१०) संक्षिप्त श्रीमद् द्वेवी भागवत , संम्पादक हनुमान प्रसाद गोद्वार, चिम्मा लाल गोस्वामी, सं.२०५५, चौदहवा संस्करण, गीता प्रेस, गोरखपुर, भारत ।

११) खरिदार परीक्षा सारथि, दशौ संस्करण, टंक के.सी., प्रकाशक गुडविल पब्लिकेशन प्रा.लि. काठमाण्डौ ।

१२) धर्म विज्ञान प्रथम खण्ड, प्रथम संस्करण, २०४४, खप्तड स्वामी द्वारा प्रणीत, प्रकाशक नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठकाण्डौ, नेपाल ।

१३) जागेगाउ (सल्यान) पर्वतका पोखरेलहरूको वंशावली, रेखाङ्कन इ.भरत राज पहारी, वैदाम, पोखरा ६ ।


१४) भारद्वाज गोत्रीय पोखेल वंशावली, ले.खेमराज शर्मा पोखेल, घोडागाउँ, २०६८ असार २० ।


१५) उदयपूर राज्यको इतिहास तथा अधिकारी वंशावली, २०५७, प्रकाशक उदयपूर राज्यको इतिहास तथा अधिकारी वंशावली प्रकाशन मूल समिति, त्रिभुवन नगर नगरपापालिका ४, भैसाही, दाङ, नेपाल, लोकार्पण २०५८ विजयादशमी

१६) नेपाली बृहत शब्दकोश, संशोधित परिवर्द्वित, पाचौ संस्करण, २०५८, प्रकाशक ने.रा.प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।

१७) धर्म विज्ञान, द्वितीय खण्ड, प्रथम संस्करण २०४५, खप्तड स्वामी द्वारा प्रणीत, प्रकाशक ने.रा.प्र.प्रतिष्ठान, काठमाण्डौ ।

खैराली पोख्रेल वंश नामावली





श्रोत: गर्गगोत्री आचार्य वंशावली २०६१, पृ.९,१०

१. धनपति

राम़ू (राम प्रसाद)

१.मोती

२.उमा

गोमू (सूवेदार) ह

ऋषिराम

कूलानन्द

टंकेश्वर

जगूप्रसाद लिलाधर देवीराम चेतप्रसाद कृष्णप्रसाद x तोयाराम

कलाधर x रामचन्द्र x

अमर राज

यङ्क्षप्रसाद यगूप्रसाद x शोभाखर

डा.भरत टेकराज

पशूपति डिल्लीराज (द्रोण प्रसाद)

वेदप्रसाद x नमराज लेखराज जगत रमेश

पद्म कृष्ण सूमन

